# चिशंखुगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सेर्ना, ओखलढुंगा

पत्र संख्याः २०७८/०७९ | प्रदेश नं. १, नेपाल

## जग्गा प्राप्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०७८/११/१३

चिशंखुगढी गाउँपालिकाको मिति २०७८/०९/०४ गते बसेको गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत **चिशंखुगढी गाउँपालिकाको गुणस्तरीय शिक्षा विकास तथा साक्षरता सुधार परियोजना**का कार्यक्रमहरु मध्ये **जग्गा नहुने विद्यालयलाई जग्गा प्राप्तिमा सहजीकरण अनुदान कार्यक्रम**का लागि बजेट विनियोजन भएको हुँदा वडा नं. ०७, मामखा अवस्थित श्री बौद्ध आधारभूत विद्यालय, ठुलढुँगा- विद्यालय व्यवस्थापन समितिको मिति २०७८/११/०६ गतेको निर्णय एवं **चिशंखुगढी गाउँपालिकाको गुणस्तरीय शिक्षा विकास तथा साक्षरता सुधार परियोजना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८/७९** तथा **चिशंखुगढी गाउँपालिकाको जग्गा प्राप्ति कार्यविधि, २०७७** को दफा ६ उपदफा १ (ख) तथा दफा ९ बमोजिम गठित जग्गा व्यवस्था समितिको निर्णयानुसार तपसिलमा उल्लेखित चार किल्ला भित्र पर्ने जग्गा खरिद गर्नु पर्ने भएको हुँदा इच्छुक जग्गा धनीहरुले जग्गा प्राप्ति कार्यविधि, २०७७ को अनुसूचीमा उल्लेखित ढाँचामा तोकिएको दस्तुर एवं कागजात सहित १५ (पन्ध्र) दिन भित्र खामबन्दी निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपसिल</u>

| क्र.सं. | योजना तथा कार्यक्रम | आवस्यक जग्गाको क्षेत्रफल | चार किल्ला | कै. |
|---|---|---|---|---|
| १. | जग्गा नहुने विद्यालयलाई जग्गा प्राप्तिमा सहजीकरण अनुदान कार्यक्रम<br>*श्री बौद्ध आ.वि., ठुलढुँगा*<br>*(चिशंखुगढी गाउँपालिका-०७, ओखलढुंगा)* | ८-०-०-०<br>(आठ रोपनी) | हाल श्री बौद्ध आ.वि., ठुलढुँगा रहेको पूर्व तर्फ **हिले चौतारी,**<br>पश्चिम तर्फ **सिस्ने खोला,**<br>उत्तर तर्फ **चोम्देन छोलिङ गुम्बा,** तथा<br>दक्षिण तर्फ **चक्र बहादुरको घर** । | |

**<u>आवश्यक कागजातहरु:</u>**

१. उपलब्ध गराउन खोजेको जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि,
२. जग्गाधनीको नागरिकता प्रमाणपत्र प्रतिलिपि,
३. जग्गाको नापी नक्साको ट्रेश नक्सा,
४. निवेदन दस्तुर वापतको रु.३००/- को नगद रसिद वा बैंक भौचर,
५. कार्यालयले माग गरेका अन्य आवश्यक कागजातहरु ।

सिंहराज डाँगी
प्रमुख प्रशासकीय अधिकृत

***पुनश्च: अन्य थप जानकारीका लागि गाउँ कार्यपालिको कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ ।***